तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं.:

मिति : २०८२/१२/३०

## प्रस्ताव आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८२।१२।३०**

प्रस्तुत विषयमा तामाकोशी गाउँपालिकाको आ.ब. २०८२।८३ मा बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्राप्त शशर्त अनुदान तर्फ यस गाउँपालिकाको वडा नं ४ मा कार्यान्वयन हुने **प्राङ्गारिक तथा प्राकृतिक खेती प्रवर्धन कार्यक्रम** अन्तर्गत **"एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२"** बमोजिम कार्यालयको ७०% र कृषकको ३०% लागत साझेदारीमा सञ्चालन हुने **"भकारो सुधार कार्यक्रममा"** सहभागी हुन गाउँपालिकाद्वारा तयार पारिएको प्राविधिक ईष्टिमेट अनुसार यस गाउँपालिकाको वडा नं -४ मा स्थायी बसोबास गर्नुहुने इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात (मिति २०८३/०१/१४ गते भित्र) आवश्यक कागजात सहित यस कार्यालयको कृषि विकास शाखा साथै वडा न. ४ को वडा कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यसै सूचना द्धारा जानकारी गराइन्छ ।साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिलः**

| क्र.स. | कार्यक्रम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | भकारो सुधार | १७ वटा | |

**कार्यक्रम संचालनको आधारहरु**

- कृषकको कम्तीमा २ वटा पशु वस्तुसहित न्युनतम ७ वर्ग मिटरको गोठ हुनुपर्नेछ।
- व्यवसायिक रुपमा खेति गर्दै आएको फार्म/सहकारी/समुह आदिलाइ प्राथामिकता दिइने छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची २ बमोजिमको निवेदन ।
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
३) प्रस्तावक सम्बन्धित सरकारी निकायमा दर्ता वा नविकरण/स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५) माग गर्ने संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि।
६) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।
७) पूर्ण रुपमा भरिएको अनुसूची ३ र ४ को फारम।

***नोटः** माथि सूचनामा उल्लेखित सम्पूर्ण अनुसूचीहरु यस कार्यालयको कृषि विकास शाखा साथै वडा न. ४ को वडा कार्यालय बाट समेत प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्क नः ९८०३६१००९०, ९८४४५५४८५२**

राजकिशोर यादव
नि. प्रमुख प्रशासकीय अधिकृत